# लेखक परिचय

**कृष्ण खनाल** राजनीतिशास्त्री हुन्। उनी त्रिभुवन विश्वविद्यालयअन्तर्गत केन्द्रीय राजनीतिशास्त्र विभागका प्राध्यापक हुन्। खनाल नेपाल तथा एसियाली अध्ययन केन्द्र (CNAS) सँग पनि आबद्ध छन्। नेपाली राजनीति तथा राज्य संरचनासम्बन्धी उनका लेखहरू विभिन्न पत्रपत्रिका, म्यागेजिन, जर्नल तथा पुस्तकमा प्रकाशित छन्।

**झलक सुवेदी** अर्थशास्त्री हुन्। राजनीतिक विश्लेषण उनको रुचिको क्षेत्र हो। उनको लेखनमा *नेपाली विद्यार्थी आन्दोलनको आधा शताब्दी* (२०४८) र सह-सम्पादनमा *आमूल परिवर्तनको खाका* (२०६३) र *Democratic Constitution Making: Experiences from Nepal, Kenya, South Africa and Sri Lanka (2007)* प्रकाशित छन्। विभिन्न पत्रपत्रिकामा नेपाली राजनीति र द्वन्द्वसम्बन्धी उनका लेखहरू प्रकाशित छन्। उनी हाल नेपाल साउथ एसिया केन्द्र (NESAC) का अध्यक्ष हुन्।

**मुक्त सिंह तामाङ** मानवशास्त्री हुन्। उनी त्रिभुवन विश्वविद्यालयको केन्द्रीय समाजशास्त्र/मानवशास्त्र विभागमा अध्यापनरत् छन्। राजनीति तथा संस्कृतिसम्बन्धी उनका शोधमूलक लेखहरू विभिन्न जर्नलमा प्रकाशित छन्। उनले अमेरिकाको कर्नेल विश्वविद्यालयबाट मानवशास्त्रमा विद्यावारिधि गरेका छन्।